Portland Housing Bureau

Mayor Ted Wheeler ▪ Director Kurt Creager



# AFFORDABLE HOUSING BOND

## SUMMARY OF THE DRAFT POLICY FRAMEWORK

August, 2017

# धान्न सकिने आवास सम्बन्धी प्रतिबध्दता
# मस्यौदा नीतिको छोटकरी विवरण

अगष्ट २०१७

**परिचयः**

पोर्टल्याण्डका मतदाताहरुले  सन् २०१६ को नोभेम्बर महिनामा धान्न सकिने आवासका लागि बजेट बढाउनु पर्ने कुरामा ऐतिहासिक मतदान गरी प्रस्तावमा सहमति दिए । यो नयाँ बजेट सम्बन्धी निर्णयले धान्न सकिने आवास योजनाको लागि अमेरिकी डलर २५८.४ मिलियन बजेट प्राप्त हुनेछ ।

यो बजेटबाट जम्मा जम्मी १३०० आवासहरु बन्नेछन् :

--- नयाँ बन्ने आवासहरु न्यून आय भएका व्यक्तिहरुलाई प्राप्त हुनेछ । न्यून आय भन्नाले चार जना परिवार भएका र मासिक आम्दानी ३७३५ वा सो भन्दा कम भएकालाई जनाउने छ ।

--- झण्डै आधा ६०० यूनिटहरु कुनै आम्दानी नभएका अथवा अति न्यून आम्दानी भएका चार जना परिवारको मासिक आम्दानी बढीमा अमेरिकन डलर १८६७ सम्म भएका लाई दिइने छ ।

--- तयार हुने आधा जस्तो ६५० युनिट आवासहरु ठूला परिवारलाई दिइने छ, यो आबास २ देखि ३ वेडरुम भएका हुनेछ।

पोर्टल्याण्ड आवास विभाग (PHB) ले १८ जना सुमदायहरु संग सम्बन्धि सरोकार राख्ने व्यक्ति समावेश भएको एउटा सल्लाहकार समूह गठन गरी सो समूहलाइ आवास वितरण सम्बन्धी प्राथमिकताको लागि कसलाई कसरी आवास दिने भन्ने सम्बन्धी मस्यौदा नीति तयार गर्न जिम्मा दिइएको थियो । उक्त समूहले अप्रिल १७ देखी अगष्ट १४ को बीचमा आठ पटक बैठक बस्यो र एउटा मस्यौदा नीति तयार ग-यो । उक्त नीति अनुसार बनेको योजनाको मुख्य मुख्य कुराहरु तल लेखिएका छन्ः–

**निर्देशक सिद्धान्तः**

निर्देशक सिद्धान्तले उपलब्ध भएको स्रोतलाई कसरी लगानी गर्ने भन्ने विषयमा हामीले कुन कुरालाई बढी महत्व दिन्छौ र हाम्रो चाहनाहरु के के हुन् भन्ने कुराहरु बताउँछः

- समायोजन : यो कार्यक्रमलाई अरु सरकारी र निजी स्रोतहरु, नीतिहरु र कार्यक्रमहरुसंग मिलाएर लैजाने ।
- समुदायको फाइदाः  स्थानीय समुदायलाई आर्थिक र अन्य फाइदाहरु  बढाउने गर्ने ।

- <u>उचित किसिमले समान किसिमको व्यवहार गर्नेः</u> कुनै प्रकारको रङ्गभेद नहुने गरी धान्न सकिने आवासको सुविधाबाट अनुपातको हिसावले बढी असर परेकालाई विचार पु-याउने, आवासको सुविधामा भेदभाव हुन नदिने, आवास क्षेत्रलाई सुधार गर्ने र आफ्नो इच्छा विपरित विस्थापित भएकालाई सहयोग पु-याउने उद्देश्यले काम गर्ने ।
- <u>अवसरः</u> नगरको सबै क्षेत्रमा लगानी हुने गरी आर्थिक विविधतालाई सहयोग पु-याउने । जसले सार्वजनिक सुविधाको सबै क्षेत्रहरुलाई समेट्छ ----(यातायात, विद्यालय, खाद्य पदार्थ, हरित क्षेत्र, आर्थिक अवसर र मिश्रित आम्दानी भएकालाई आवास)
- <u>श्रोतपूर्ण कार्यक्रमः</u> परिमार्जित र रचनात्मक हिसावले आवास समस्या समाधानको लागि जिम्मेवारीपूर्ण लगानी गर्ने ।
- <u>जिम्मेवारीपूर्वक योजना सञ्चालनः</u> सार्वजनिक स्रोतहरु, कोष र सम्पत्तिप्रतिको उदाहरणीय जिम्मेवारी प्रस्तुत गर्ने । यसकोलागि स्वतन्त्र छुट्टै लेखा परीक्षा कमिटीले काम राम्रोसंग भए नभएको परीक्षण गर्ने ।
- <u>पारदर्शिताः</u> खुल्ला निर्णय गर्ने प्रक्रिया सञ्चालन गर्ने, स्पष्ट र एकै किसिमको सूचनाहरु उपलब्ध गराउने र जनसाधरणहरु पनि संलग्न हुन सक्ने वातावरणलाई प्रोत्साहन गर्ने ।

प्राथमिकतामा परेका समुदायहरुः

अहिले भइरहेको आवास सम्बन्धी कार्यक्रमबाट सेवा प्राप्त नगरेका वा पर्याप्त सेवा नपाएका र सबै चुनौतीपूर्ण वातावरणमा जीवन निर्वाह गरिरहेकालाई आवास सुविधा उपलब्ध गराउने उद्देश्यले हाम्रो कार्यक्रम सञ्चालन हुनेछ । यो आवास कार्यक्रमले सिलसिलावद्ध किसिमले रङ्गभेदबाट प्रभावित भएका परिवार र आवास वितरणमा भएको भेदभावबाट प्रभावित परिवार, घरबार विहीन र आवासबाट विस्थापित हुने अवस्थामा पुगेकालाई ध्यान दिनेछ । विशेष गरेर यो कार्यक्रमले तलका समुदायलाई समावेश गर्दछ:

- बिभिन्न रङ्गा अनुहार भएकाहरु
- परिवारहरु जो आफ्नो बाउ बाजेहरुसंग बसिरहेका छन्
- घरवार विहीनहरु र घरबार विहीन हुन सक्ने अवस्थामा पुगेकाहरु
- आवासको कारणले विस्थापित हुन सक्ने अवस्थामा पुगेकाहरु

प्राथमिकता परेका ठाउँहरुः

यो कार्यक्रमले शहरको सबै क्षेत्रमा आवासलाई संरक्षण गर्न र धान्न सकिने दीर्घकालीन नयाँ आवास योजना सञ्चालन गर्न विशेष प्रकारको र लचिलो खालको बजेट उपलब्ध गराउँछ । हामी धैरै अवसरहरु उपलब्ध हुन सक्ने, आर्थिक र मान्छेको रङ्गको हिसावले विविधता भएको क्षेत्रमा लगानी गर्न प्रस्ताव गर्छौं । अहिले गरीवहरु बाक्लो भएको क्षेत्र र असाध्यै कम आम्दानी हुने व्यक्तिहरुको बस्ती भएको क्षेत्र यो योजनाको लागि कम प्राथमिकतामा पर्नेछ ।

<u>यो योजनाको धैरै राम्रो परिणामको लागि हामी देहायका कुराहरु पेश गर्दछौं:</u>

- अहिले भइरहेको आवास सम्बन्धी कार्यक्रमले सेवा नपु-याएका क्षेत्रमा धान्न सकिने आवासको अवसर बढाउने ।
- सबै जमिन र भवनहरुमा सबै किसिमको रङ्गभएका मानसिहरुलाई बराबरी संख्यामा बसोबास गराउने ।
- धैरे अवसर भएका क्षेत्रहरुमा आर्थिक हैसियत र अनुहारको रंगको हिसावले विविधतापूर्ण मिश्रित समुदायको निर्माण गर्ने र समुदायलाई विकाश हुन सहयोग पु-याउने ।

- शहरको सबै क्षेत्रमा सन्तुलित लगानी हुन सक्ने गरी आयोजना सञ्चालन गर्ने ।
- आवाश क्षेत्रलाई र विस्थापित हुन खोजेका वर्गलाई बचाउने ।

समुदायलाई कार्यक्रममा संलग्न गराई रहने नीति:

हाम्रो उद्देश्य कुन हदसमम्म प्राप्त भयो भन्ने कुराको जानकारी नगरपालिकाले समुदायमा काम गरिरहेका संस्थाहरु र जनतालाई वार्षिक रुपमा उपलब्ध गराउने । समुदायका सदस्यहरुलाई यो कार्यक्रमको विषयमा कुनै कुरामा प्रतिक्रिया व्यक्त गर्न र सूचना प्राप्त गर्ने सिष्टम बसाउनु पर्ने ।

तलका सिद्धान्तहरुले नगरपालिकालाई समुदायसंग अन्तरक्रिया गर्न निर्देशन गर्दछः

---अर्थपूर्ण र रणनितिक तरिकाले समुदायमा जाने र उनीहरुलाई भइरहेको कुराको जानकारी गराउने

--- बिभिन्न रङ्ग भएका समुदायका व्यक्तिहरु, आप्रवाशीहरु, शरणाथीहरु र सिमित रुपमा अंग्रेजी भाषामा दख्खल भएकाहरुलाई पनि सूचनाको पँहुच छ र यो कार्यक्रममा समावेश गरिएको छ भन्ने कुरामा विश्वस्त गराउँनु पर्ने ।

--- समुदायलाई प्रभावकारी रुपमा संलग्न गराउँनका लागि छालाको रंग सम्बन्धी समानताले हेर्ने दृष्टिकोण र सबै रणनीति र योजना लागू गर्नु पर्ने

--- यो खालको कार्यक्रम लिएर घरदैलोमा पुग्दा आवास सम्बन्धी साझेदारी कार्यक्रममा संलग्न संस्थाहरु, समुदायका संस्थाहरु, गैर नाफामूलक आवास विकास गर्ने संस्थाहरु, न्यून आय भएका बासिन्दाहरु, सबै रंगका मानिसहरु, समाजका जेष्ठ नागरिकहरु, अपाङगहरु, र घरवार विहीनको अनुभव भएका व्यक्तिहरुसम्म नगरपालिका पुग्नु पर्दछ ।

--- न्यायीक निकायहरु मल्टोनोमा काउण्टी, होम फरवार्ड, र एउटा घर सबैका लागि भन्ने योजनाहरुमा नगरपालिकाले आफै ढोका ढोकामा पुगेर यो योजना सफल पार्न साझेदारीको वातावरण बनाउनु पर्छ ।

**Bond Draft Policy Framework available at:**
यो आयोजना सम्बन्धी विस्तृत विवरणको लागि तलको वेभसाइड हेर्नुहोला:

https://www.portlandoregon.gov/phb/article/652604